# आर्थिक सहायता पोलिसी

स्वास्थ्य उपचारमा हुने खर्चले उत्पन्न गर्ने बोझलाई ओहायो स्टेट युनिभर्सिटी वेक्सनर मेडिकल सेन्टरले बुझ्दछ। हाम्रो **आर्थिक सहायता पोलिसीले** हाम्रा बिरामीहरूलाई उनीहरूका स्वास्थ्य उपचार बिलहरू तिर्नमा मद्दत गर्दछ। पोलिसीमा HCAP (हस्पिटल केयर एश्योरेन्स प्रोग्राम) सामेल छ, जो ओहायोका निवासीहरूका अस्पताल/स्वास्थ्य सेवा केन्द्रहरूका बिलहरू, र ओहायो स्टेट वेक्सनर मेडिकल सेन्टर आर्थिक सहायता कार्यक्रममाथि लागू हुन्छ, जो आर्थिक कठिनाइमा रहेका बिरामीहरूका अस्पताल/स्वास्थ्य सेवा केन्द्र तथा डक्टर/व्यावसायिकहरूका बिलहरूमाथि लागू हुन्छ।

यो पोलिसीमा स्वास्थ्य उपचार हासिल गर्नका लागिमात्रै ओहायो आएका बिरामीहरू पर्दैनन्, र जानिबुझिकन उनीहरूका बिमा लाभ योजना नेटवर्कबाहिरका सेवाहरू हासिल गर्ने बिरामीहरूले यसको लाभ नपाउन सक्छन्। यसमा नपर्ने अन्य कुराहरूमा सामेल छन्:

- सेवा प्रदान गरिनुभन्दा पहिला भुक्तान गरिएका शुल्क
- यो प्रोग्रामको लागि स्वीकृति प्राप्त हुनुभन्दा अघि गरिएका भुक्तानहरू
- रोजिएको/कस्मेटिक सेवाहरू
- चिकित्साको दृष्टिले आवश्यक नभएका सेवाहरू
- विशिष्ट उच्च/पूर्वनिर्धारित लागत सेवाहरू र आपूर्तिहरू
- कुनै तेस्रो पक्ष, महानगरपालिकाहरू, हिरासत केन्द्रहरू वा यस्ता एजेन्सीहरूसित अनुबन्ध अन्तर्गतका कानून कार्यान्वयन एजेन्सीहरू (कानूनी मामिलाहरू समेत) बाट भुक्तानी बक्यौता रहेका सेवाहरू
- डेस्टिनेशन मेडिसिन ग्लोबल हेल्थकेयर डिपार्टमेन्टद्वारा पहिचान गरिएका बिरामीहरू

# पोलिसी विवरण

- अपोइन्टमेन्ट लिएर आएका तर बिमा नभएका बिरामीहरूका लागि अस्पतालले बिरामीको बिललाई 60% घटाउने छ।
- हाम्रो आर्थिक सल्लाह एवम् बिरामी बिलिङ्ग ग्राहक सेवा विभागहरूले बिरामीहरूलाई मेडिकएड, हस्पिटल केयर एश्युरेन्स प्रोग्राम, द ओहायो स्टेट वेक्सनर मेडिकल सेन्टर फाइनेन्सियल असिस्टेन्स, वा अन्य संघीय वा राज्य सहायतालगायत आर्थिक सहायताका सरकारी स्रोतहरू खोज्नमा मद्दत गर्नेछन्।

## हस्पिटल केयर एश्योरेन्स प्रोग्राम (HCAP)

- HCAP का लागि योग्य हुन, बिरामीलाई एउटा सजिलो फाराम भर्न र आयको जानकारी तथा स्रोत पुष्टिकरण जानकारी दिन भनिने छ। ओहायो रेजिडेन्सीको प्रमाण चाहिन सक्छ। फाइनेन्सियल काउन्सिलिङ्गले उपयुक्त ठहर गरेको अवस्थामा बिरामीहरूले सरकारी सहायता कार्यक्रमहरूका लागि आवेदन गर्नु पर्ने हुन सक्छ।
- स्वीकृत HCAP आवेदनहरूलाई नयाँ आवेदनपत्र नभरिकन भावी सेवाहरूमा मिलाउन सकिन्छ, यी शर्तहरूअन्तर्गतः
    - **इन्पेशेन्ट** अस्पताल छोडेको 45 दिन भित्रमा स्वीकृत भएको त्यही निदानका साथ आउँछ भने
    - **आउटपेशेन्ट** आर्थिक सहायता स्वीकृत गरिएको प्राथमिक सेवा मितिपछि 90 दिन भित्रमा अस्पताल आउँछ भने

## ओहायो स्टेट वेक्सनर मेडिकल सेन्टर फाइनेन्सियल असिस्टेन्स प्रोग्राम

- HCAP र अन्य सरकारी प्रोग्रामहरूका लागि अयोग्य बिरामीहरूका लागि ओहायो स्टेटले आर्थिक सहायता प्रदान गर्दछ। ती बिरामीहरूको उनीहरूका आर्थिक आवश्यकताको निर्धारण गर्न तेस्रो पक्ष क्रेडिट रिपोर्टिङ्ग एजेन्सी प्रोग्राममार्फत मूल्याङ्कन

गरिनेछ। क्रेडिट रिपोर्टिङ्ग एजेन्सीले आय, सम्पत्ति र उपलब्ध ऋणको समीक्षा गर्नेछ। एजेन्सीले बिरामीको मौज्दातमा कति लागू गर्न सकिन्छ भनी निर्धारण गर्नेछ।

- अस्पताल/स्वास्थ्य सेवा केन्द्र बिलहरूका साथ बिरामीहरूलाई ओहायो स्टेटको आर्थिक सहायता कार्यक्रमका लागि विचार गरिनुअघि HCAP को लागि मूल्याङ्कन गरिनु जरुरी छ।
- बिरामीहरूलाई आर्थिक सहायता कसरी प्रदान गरिन्छ भन्ने संघीय दिशा-निर्देशनहरू र मानकहरूको पालना गर्नका लागि ओहायो स्टेट वेक्सनर मेडिकल सेन्टरले सबै आवश्यक फारामहरू र दस्तावेजहरू नबुझाउने बिरामीहरूलाई सहायता नामन्जुर गर्न सक्छ।
- वेक्सनर मेडिकल सेन्टरको आर्थिक सहायता पोलिसी मेडिकएड कभरेज पोलिसीहरू बाहिर पर्ने मेडिकएड बिरामीहरूको लागि प्रदान गरिने सेवाहरूमा लागू हुन सक्छ। यदि HCAP आवेदन फाइलमा छैन भने यस्ता बिरामीहरूको मूल्याङ्कन ओहायो स्टेट आर्थिक सहायताका लागि गर्न सकिन्छ।
- यो पोलिसी ती बिरामीहरूका माथि लागू हुने छैन जसले जानिबुझिकन उनीहरूको बिमा योजनाद्वारा स्वीकृत प्रदाता नेटवर्क बाहिर सेवा हासिल गर्दछन्।
- भुक्तानी योजनाहरू ती बिरामीहरूका लागि उपलब्ध छन् जो सहायताका लागि योग्य छैनन् र उनीहरू भुक्तानी राशि पूरा चुक्ता गर्न असमर्थ छन्। भुक्तानी योजनाको व्यवस्था मिलाउन, पेशेन्ट बिलिङ्ग कस्टोमर सर्भिसलाई 614-293-2100 मा कल गर्नुहोस्।
- ओहायो स्टेटको आर्थिक सहायता प्राप्ति दर्जा र वित्तीय छूट निर्धारण छःमहिनाका लागि वैध हुनेछन्। स्वीकृत आर्थिक सहायता प्राप्तिहरू पहिलेका मौज्दातहरूमाथि पनि लागू हुनेछन् जो स्वीकृति मितिभन्दा एकवर्ष सम्म सुरु भएका थिए।
- वेक्सनर मेडिकल सेन्टर फाइनेन्सियल असिस्टेन्सको निर्णयसित तपाईं असहमत हुनुहुन्छ भने तपाईंले पेशेन्ट बिलिङ्ग कस्टोमर सर्भिसलाई 614-293-2100 मा कल गरेर अपिल गर्न सक्नुहुन्छ। कागतमा लेखिएको निवेदनपत्रका साथै त्यसको समर्थनमा दस्तावेजहरू चाहिन सक्छ। तपाईंलाई निर्णयको बारेमा 30 भित्र सूचना दिइने छ।
    - योग्यता निर्धारणका लागि प्रयोग गरिने सम्पत्तिहरूमा नगद, नगद सरहका वस्तुहरू तथा नगदमा परिणत गर्न सकिने अन्य ठोस सम्पत्तिहरू पर्दछन्। सम्पत्ति संरक्षण सीमा बिरामीसित रहेको सम्पत्तिको अधिकतम मात्रा हुन्छ र यसो भएतापनि पूर्ण आर्थिक सहायताका लागि योग्यताको अनुमति हुनेछ। व्यक्तिहरूका लागि सम्पत्ति संरक्षण सीमा $8,000 हो।

## सम्पर्क जानकारी

| विभाग | फोन नम्बर | समय |
|---|---|---|
| आर्थिक सल्लाह | 614-293-0860 | सोमबार - शुक्रबार, बिहान 9 बजे - अपराह्न 4 बजेसम्म |
| पेशेन्ट बिलिङ्ग कस्टोमर सर्भिस | 614-293-2100 | सोमबार - शुक्रबार, बिहान 8 बजे - अपराह्न 5 बजेसम्म |